मोक्ष सूत्र



रामचन्द्र न्यौपाने (वनवासी)


तत्त्वज्ञानदाता सद्गुरु
सन्त ज्ञानेश्वर स्वामी सदानन्द जी परमहंस


परमतत्त्वम् रूप आत्मतत्त्वम् शब्दरूप
भगवतत्त्वम् के चतुर्युगीन पूर्णावतार



भगवान्‌को विराट् स्वरुप

मोक्ष सूत्र

लेखक

रामचन्द्र न्यौपाने (वनवासी)

प्रकाशक

शान्तिदेवी न्यौपाने

कृति	:	मोक्ष सूत्र
विधा	:	कविता
विषय	:	सत्य-ज्ञान
लेखक	:	रामचन्द्र न्यौपाने (वनवासी) मो.: ९८४३८३४७५
प्रकाशक	:	शान्तिदेवी न्यौपाने
सर्वाधिकार	:	लेखकमा सुरक्षित
पहिलो संस्करण	:	२०८२, साउन
प्रति	:	१०००
मूल्य	:	रु. १०१/-
मुद्रण	:	श्रीस्टार प्रिन्टिङ्ग प्रेस, बागबजार फोन नं ५३४५९८२, ५३४६८६२
ISBN	:	978-9937-1-8781-7

शुभेच्छा

'मोक्ष-सूत्र' सन्त विचारका कवि रामचन्द्र न्यौपाने 'वनवासी' को महाकाव्य 'ज्ञानक्रान्ति,' अनमोल ज्ञानमाला 'दुर्लभ सत्सङ्ग' को पनि सार रहेछ ! साथमा लिएर यात्रा गर्न सजिलो पर्ने, सर्सर्ति एकै बसाइमा अध्ययन, मनन र चिन्तन गर्न पनि सकिने अति संक्षिप्त सद्ग्रन्थ सरल र गेय लोकलयमा लेखिएको हुँदा सजिलै सम्झिन वा कण्ठ पार्न पनि सकिने र दैनिक उपयोगमा ल्याउनै पर्ने सर्वश्रेष्ठ-सर्वोच्च विधान तत्त्वज्ञानको सैध्दान्तिक सार रहेछ । साथै यही 'मोक्ष-सूत्र' जिज्ञासु मानिसका भ्रम, अज्ञान, शंका, शोक, कष्ट र जन्म-मरणको सास्ती र दुःख-दुर्दशा समेत हटाउन सक्ने दिव्यौषधी, जादुको छडी, अनमोल पारसमणि नै रहेछ !

यसको दैनिक उपयोगबाट मानव-जीवनलाई सफल र सार्थक बनाउन चाहने, धर्ममा चासो राख्ने, ज्ञानका पारखी जिज्ञासुको लागि साथमा नभई नहुने अति दुर्लभ र महत्वपूर्ण सद्ग्रन्थ रहेछ भन्ने मैले देखें ! योभन्दा अझ श्रेष्ठ र उत्तम सद्ग्रन्थहरू भगवानका अति प्यारा जिज्ञासु-ज्ञानी-भक्त रामचन्द्र न्यौपाने 'वनवासी' बाट रचना भई रहून् भन्ने सद्भाव र शुभकामना व्यक्त गर्दछु ।

महात्मा कमलजी

(अध्यक्ष)

सदानन्द तत्त्वज्ञान परिषद

केन्द्रीय आश्रम,बाराबंकी,

उत्तर प्रदेश, भारत

शुभकामना

जिज्ञासुलाई सन्तकवि रामचन्द्र न्यौपाने 'वनवासी' को महाकाव्य 'ज्ञानक्रान्ति' र 'दुर्लभ सत्सङ्ग' जस्ता धार्मिक-साहित्यिक सद्ग्रन्थ अध्ययन गरेर राम्ररी केलाउन र समीक्षा गर्न सरल थिएन। त्यसैले मैले कृतिकारलाई सङ्क्षिप्त तर सारपूर्ण सद्ग्रन्थको रचना गर्न घच्घच्याएको थिएँ, फलस्वरूप साहित्यिक-धार्मिक ज्ञानका पारखी छन्दकविबाट अनुष्टुप छन्दमा सरल र सङ्क्षिप्त काव्य-कृति रचना गर्न सम्भव गरायो, भयो पनि ! यसलाई मैले महत्त्वपूर्ण संयोग र उपलब्धि मानेको छु। यसबाट धर्मानुरागी जिज्ञासु-वर्गलाई यथेष्ट लाभ हुने मैले ठानेको छु। यस 'मोक्ष-सूत्र' का रचयिता, कवि 'वनवासी' को लेखन-यात्रा अब पनि यसरी नै निरन्तर अघि बढिरहोस् भन्ने मेरो शुभेच्छा छ।

उपप्रा. ज्ञाननिष्ठ ज्ञवाली
त्रि.वि.पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौं

लेखकीय

महासागरजस्तै छ तत्त्वज्ञान विराट् तर,
रूखमा बीजजस्तै यो सार हो मोक्ष-सूत्र त ! १

ठूला सद्ग्रन्थमा डुब्ने जमाना छैन ती गए,
संक्षिप्त सूत्रमा भुल्ने जिज्ञासु आजका भए ! २

जिज्ञासु-वर्गका राखेँ हातमा मोक्ष-सूत्र' यो,
उपयोग गरे मिल्ला, लाभै लाभ अवश्य हो ! ३

चाहन्छन् जसले मोक्ष, प्रभु-कृपा र दर्शन,
मोक्ष-सूत्र पढी खोजून्, बन्ला सार्थक जीवन ! ४

यो मोक्ष-सूत्र हो सत्य-ज्ञान, अमृतको घडा,
पिए हट्नेछ अज्ञान, भ्रम, विकार झन् कडा ! ५

जागोस् विवेक, वैराग्य; लागोस् सत्कर्ममा मन,
धर्म, सत्कर्मले होओस् पूर्ण सार्थक जीवन ! ६

ज्ञानले सच्चिदानन्द चाँडै मिलोस् सबैकन,
रोग-शोक हटोस्, दुःख-कष्ट नहोस् कसैकन ! ७

सहयोग, परामर्श आभारी छु दिनेप्रति,
जिज्ञासुमा छ सद्भाव, आशिर्वाद लिनेप्रति ! ८

छुटोस् माया, न छोडौँ है भगवान्को उपासना,
धर्ममा स्थिर होस् चित्त छ यही शुभकामना ! ९

मङ्गलाचरण

प्रणाम छ परमात्मा ! गर योगक्षेम !
प्रभुप्रति प्रगाढ होस् हाम्रो भक्ति-प्रेम ! १

सद्धर्ममा लागोस् चित्त सधैँ हाम्रो हरि !
ज्ञान, कृपा मिली रहोस् प्रभु ! सधैँभरि ! २

पुकार्दै छु सद्‌गुरुजी ! भगवान्‌को जय !
हटून् हाम्रा अज्ञान र भ्रम, दुःख, भय ! ३

याद, भक्ति स्थिर रहोस् प्रभु-चरणको,
अवसर मिलोस् सधैँ प्रभु - शरणको ! ४

भक्तमाथि निगरानी प्रभुजीको रहोस्,
हामीबाट दुराचार, परपीडा नहोस् ! ५

झूटो माया-मोह छोडी सत्य-धर्म रोजौँ,
निन्दनीय स्वार्थ छोडी परमार्थ खोजौँ ! ६

(जयकार)

प्रेमले भनौँ

पालनहार भगवान् श्रीहरि-बिष्णुजीको जय !

मर्यादापुरुष भगवान् श्री रामचन्द्रजीको जय !

प्रेमावतार भगवान् श्रीकृष्णचन्द्रजीको जय !

सन्तावतार आनन्दकन्द लीलाधारी प्रभु
सदानन्दजी मनमोहन भगवान्‌को जय !

सन्दर्भ सूचि

पृष्ठ सङ्ख्या

१	कपहिलो खण्ड	१०-२४
(क)	संसार-जगत्	१०
(ख)	शरीर-देह	११
(ग)	जीव-जीवात्मा	१२
(घ)	आत्मा-ईश्वर	१२
(ङ)	भगवान्-परमात्मा	१३
(च)	सृष्टि-सृजना	१४
(छ)	प्रकृति-माया	१५
(ज)	गुरु-सद्गुरु	१६
(झ)	ज्ञान-तत्त्वज्ञान	१६
(ञ)	भक्ति-प्रेम	१७
(ट)	धर्म-सत्कर्म	१८
(ठ)	कर्म-अकर्म	१९
(ड)	दृष्टि-दृष्टिकोण	२०
(ढ)	मानव-जीवन	२०
(ण)	संस्कार-चरित्र	२१
(त)	बन्धन-मोक्ष	२२
(थ)	महात्म्य-महत्त्व	२३
(द)	क्षमा याचना	२४
२)	दोस्रो खण्ड :- सद्गुरु वाणी	२५
३)	तेस्रो खण्ड :- लेखकको परिचय	२६-३२

मोक्ष सूत्र

जिज्ञासु : कुन उपायले मिल्छ पुरुषार्थ चतुष्टय ?
बताई बक्सियोस् सूत्र लौ न सन्त महोदय ! १

सन्त : रिझाउन सके सेवा, भक्तिले भगवान्‌कन,
मिल्दैन के ? मिले मोक्ष, प्रभु-कृपा र दर्शन ! २

काम र अर्थको आशा राख्दैनन् भक्तले बढी,
मोक्षसमेत चाहन्नन् भगवद् -प्रेममा गढी ! ३

(क) संसार-जगत्

कुन समय के हुन्छ ? कसको हुन्छ के भर ?
जेसुकैमा, जगत्‌मा छ भरिएझैँ डरै डर ! ४

शरीर सुख चाहन्छ, जगत्‌मा दुःख मिल्दछ,
वासना नहुँदै पूर्ण, कालले देह निल्दछ ! ५

संसार हेर्न वा गर्न मनोरञ्जन नैतिक,
आएको जीव हो देह समाती पञ्चभौतिक ! ६

जगत् नश्वर, झूटो र परिवर्तनशील छ,
ममता, मोह, मायाले लाग्छ साँचो र सुन्दर ! ७

फसे संसारमा मान्छे मायाले घेर्न आउँछ,
दुःख-कष्ट, पुनर्जन्म, नर्कबास दिलाउँछ ! ८

विपनाको कुनै याद रहन्न नीदमा सुझे !
संसार सपनाभन्दा झूटो छ झन् कुरा बुझे ! ९

(ख) शरीर-देह

पञ्चभूत मिली बन्ने जड-नश्वर देह छ,
पिण्ड हो मात्र एकाई ब्रह्माण्डको शरीर त ! १०

जीवको खोल हो देह, वस्त्रजस्तै शरीरको,
पस्ने र निस्कने, बस्ने जीव हो देहभित्र यो ! ११

पुण्य सञ्चिति, सौभाग्य, प्रभु-कृपा जुटेपछि;
मिल्छ शरीर मान्छेको ? महत्वपूर्ण यो अति ! १२

साध्य होइन यो देह प्राप्त गर्नु अकारण,
धर्म, सत्कर्मको लागि हो देह मात्र साधन ? १३

नमिले देह सक्दैनन् गर्न जीवन धारण,
प्राणीले भोग्न संसार, गर्न दुःख निवारण ! १४

सशरीर भए मात्र घुम्छ जीवनको सुई,
विना शरीरको जीव मानिन्छ प्रेत, होस् उही । १५

(ग) जीव-जीवात्मा

आफ्नो अस्तित्व हो जीव, जीव सूक्ष्म-शरीर हो,
हुन्छ चेतन जीवात्मा, शिवको अंश जीव हो ! १६

अविनाशी छ जीवात्मा, मर्ने शरीर हो जड,
अडे नै देहमा जीव मात्र रहन्छ जीवन ! १७

देखे पनि स्वयंलाई, स्वप्नमा जीव हो भनी,
चिन्न, जान्न हुँदा गाह्रै भ्रममा पर्छ जो पनि । १८

प्रारम्भ धर्मको हुन्छ जीव जाने, चिने पछि,
सुख-आनन्दको स्रोत, स्वर्ग हो जीवको गति ! १९

प्रभु-कृपा विना मोक्ष जीव सक्दैन पाउन,
मायाले खोज्दछे खालि जीवलाई नचाउन । २०

जीव सगुण, साकार हुन्छ त्यो सृष्टिमा छँदा,
माया-मुक्त भए जीव मिल्छ निर्गुण ब्रह्ममा ! २१

(घ) आत्मा-ईश्वर

आत्मा हो चेतना दिव्य, ज्योति-स्वरूप हुन्छ त्यो,
मिल्छ शान्ति र आनन्द आत्म-दर्शनबाट हो । २२

अध्यात्म-साधनाबाट नै हुन्छ आत्म-दर्शन,
जान्न सकिन्न आत्माको भेद ज्ञानविना तर । २३

प्राण, शिव तथा ब्रम्ह, ईश्वर जे भने पनि,
हो दिव्य-चेतना आत्मा भगवद्-अंश रे त नि ! २४

श्वास-प्रश्वासमा प्राण-चेतना नित्य आउँछ !
जीवले प्रभुबाटै त्यो दिव्य खुराक पाउँछ ! २५

ध्यान-समाधिले योगी सीमित मुक्ति पाउँछन्,
अमरता नमिल्दा ती फेरि जन्मन आउँछन् ! २६

शुद्ध आत्मा निराकार हुन्छ निर्गुण, निर्मल,
मायासित मिले आत्मा सगुण जीव बन्दछ ! २७

(ङ) भगवान्-परमात्मा

कणमा, घटमा छैनन् भगवान् ज्ञानले बुझे,
घटमा हुन्छ जीवात्मा, शक्ति छ कणमा सुझे ! २८

भगवान् छन् निराकार, अविनाशी, अजम्मर,
परमतत्त्व या शब्द-ब्रह्म हुन् परमेश्वर ! २९

भगवान् हुन् नियन्ता र सृष्टिका आदिकारण,
अवतार लिँदा गर्छन् साकार देह धारण ! ३०

हेर्दै आश्चर्य लाग्दो छ विराट् स्वरूप उग्र झन्,
घुसेर ह्वैन, ब्रह्माण्ड घेरेर प्रभु व्याप्त छन् ! ३१

भगवान् परमार्थी छन् हुन्छन् स्वार्थी मनुष्य नै,
परमार्थ छ त्यो पूज्य, निन्दनीय छ स्वार्थ है ! ३२

भगवान् होइनन् पितृ, देवता, भूत, राक्षस,
सन्तान, कार्यकर्ता वा अंश हुन् प्रभुका सब ! ३३

(च) सृष्टि-सृजना

ओम्बाट सृष्टि सम्पूर्ण हुन्छ, तत्बाट पालन,
सञ्चालन भने सृष्टि हुन्छ सत्बाट वास्तव ! ३४

शिव-शक्ति विना हुन्न, सृष्टि, सक्रिय जीवन,
शिव चेतन आत्मा हो, शक्ति जड, अचेतन ! ३५

गर्ने हो भगवान्ले नै सृष्टि, स्थिति, विनाश र,
प्रभुकै खेल हो सृष्टि, प्रकृति खालि माध्यम ! ३६

जगत्मा चार सृष्टि छन् स्थूल, सूक्ष्म र दिव्य वा,
शाश्वत, जसमा प्राणी हुन्छन् चारै प्रकारका ३७

सृष्टि छ भगवान्भित्र, भगवद्-अंश छ सृष्टिमा,
प्रभु-सङ्कल्प हो सृष्टि, खालि भेद छ दृष्टिमा ! ३८

हुन् कर्ता भगवान् खालि ब्रह्मा-प्रकृति माध्यम
मनोरञ्जन हो सृष्टि प्रभुको जड-चेतन ! ३९

(छ) प्रकृति–माया

भगवान् बीजदाता हुन्, आमा प्रकृति हुन् ल है,
सृष्टि चलाउँछिन्, गर्छिन् प्रभु-इच्छा बुझी सधैं ! ४०

प्रकृति प्रभुकी शक्ति, परा र अपरा द्वय,
परा चेतन आत्मा हो, अपरा शक्ति हो जड । ४१

घमण्ड, ममता, तृष्णा, पञ्चविकार, मोह र,
वासना, स्वार्थ आदि हुन् मायाका तामसी गुण ! ४२

जड प्रकृति हो माया राग-द्वेष बढाउने,
चौरासी-लाख योनीमा जीवलाई सडाउने ! ४३

छन् तीन गुणले युक्त प्रकृति अपरा कडा,
मान्छेमा गहिरो पर्छ प्रभाव गुणको सदा ! ४४

माया-बन्धन हो, बाँध्छे, उम्कनै दिन्न शक्तिले,
छुट्छ बन्धन मायाको प्रभुको ज्ञान र भक्तिले ! ४५

(ज) गुरु-सद्गुरु

जन्म दिने पिता-माता महान् हुन्छन् सबैथरी,
अझै ज्ञान दिने हुन्छन् गुरु श्रेष्ठ सधैँभरि ! ४६

गुरु जीवनमा मिल्छन् अनेकौँ कर्म-क्षेत्रमा,
हुन्छन् गुरु अझै पूज्य भेटिने धर्म-क्षेत्रमा ! ४७

मानिएका जगत् चारै देखाउने, जनाउने,
हुन् सद्गुरु उनै श्रेष्ठ, जगत्गुरु उनै चिने ! ४८

सक्छन् सद्गुरुले मात्र प्रभुलाई चिनाउन,
देखाउन तथा मोक्ष भक्तलाई दिलाउन ! ४९

गुरु माध्यममात्रै हुन्, ज्ञान हो प्रभुकै निधि,
जान्दछन् सद्गुरुजी नै मोक्ष दिलाउने विधि ! ५०

गुरु शिक्षक, स्वाध्यायी, आध्यात्मिक अनेक छन्,
तत्त्वज्ञान दिने साक्षात् हुन् रे सद्गुरु श्रेष्ठतम् ! ५१

(झ) ज्ञान-तत्त्वज्ञान

अनुभूति तथा बोध, जानकारी यथार्थतः
सुझ-बुझ तथा अर्थ, ज्ञान हुन् गुरुका मत ! ५२

ज्ञान चार थरी मुख्य मानिन्छन् धर्ममा कि त,
कर्म-धर्म सबै हुन्छन् ज्ञानैबाट प्रभावित ! ५३

शिक्षा, स्वाध्याय, अध्यात्म-योग र तत्त्वज्ञान नै,
ज्ञान-विज्ञानका स्थायी हुन् स्रोत वा विधान है ! ५४

हरेक ज्ञानका खोजे आ-आफ्नै छन् विशेषता,
विभिन्न लाभ र सामर्थ्य, उद्देश्य छन् हरेकका ! ५५

भगवद्-दर्शन वा मोक्ष मिल्दैन अन्य ज्ञानले,
सम्पूर्ण लाभ मिल्ने हो मात्र त्यो तत्त्वज्ञानले ! ५६

समदर्शी, सदाचारी, स्थित-प्रज्ञ, विवेकवान्,
ज्ञानी-भक्तहरू हुन्छन् संयमी, धीर या महान् ! ५७

(ञ) भक्ति-प्रेम

भक्ति हो प्रेम, श्रद्धा र अनुराग, लगाव त्यो,
भगवद्-प्रेम हो भक्ति, आसक्ति अन्य प्रेम हो । ५८

भनिन्छ नौ थरी, खास भक्तिका भेद छन् द्वय,
यथार्थ भक्ति राधाको, मीराको भावनात्मक ! ५९

मिल्यो ज्ञान बढे भक्ति, बढे नै ज्ञान भक्ति भो,
अन्योन्याश्रित सम्बन्ध ज्ञान र भक्तिमा छ हो ! ६०

छ भने प्रेम वा भक्ति हुन्न केही असम्भव,
भक्ति हो बलियो शक्ति, मुक्तिको दरिलो जग ! ६१

सेवा र भक्तिले हुन्छन् सद्गुरु-भगवान् खुसी,
प्रभुको प्रेमले बढ्छ धर्म र ज्ञानमा रुचि ! ६२

भनिन्छ, भगवान् हुन्छन् भक्तको वशमा सधैँ,
अवतार लिनै पार्ने भक्तिको खेल हो सबै ! ६३

(ट) धर्म–सत्कर्म

के हो अस्तित्व, कर्तव्य र गन्तव्य मनुष्यको,
दर्शाउने सबै खोली रहस्य सत्य-धर्म हो ! ६४

व्रत, यज्ञ, दया, दान, तीर्थादि पुण्य-कर्म हो,
बढ्नु विवेक, वैराग्य, ज्ञान र भक्ति धर्म हो ! ६५

धर्म-उत्थानमा खट्नु मन, वचन, कर्मले,
सत्कर्म हो बुझे तत्त्व गर्छ स्वीकार धर्मले ! ६६

सत्य प्रधान, निर्दोष, सम्बृद्ध, श्रेष्ठ, पूर्ण त्यो,
मुक्ति-अमरता युक्त जीवन-मार्ग धर्म हो ! ६७

कणदेखि विराट्सम्म देखाउने विधान नै,
धर्म हो परमात्माको शरणागति, ज्ञान नै ! ६८

धर्मले साइनो गाँस्छ, जीवनसँग मानव,
कल्याण-मार्ग हो साझा, धर्म सत्य सनातन ! ६९

(ठ) कर्म-अकर्म

गरिने कार्य हुन् गौण आजीविका चलाउन,
काम्यक कर्म हुन् मुख्य ! भोगमूलक छन् जुन ! ७०

उल्लेख शास्त्रमा धेरै थरीका कर्म छन् तर,
अशुभ, शुभ, सत्कर्म, हुन् मुख्य कर्म मानक ! ७१

अशुभ कर्मले पाप-दोषमात्र कमाउँछ,
शुभ-कर्म गरे मान्छे आनन्दमा रमाउँछ ! ७२

मुख्य सत्कर्म हो धर्म, प्रभुलाई रिझाउने,
प्रभु-कृपा तथा मोक्ष प्राप्त गर्न सिकाउने ! ७३

हुन्छ मन चले कर्म, इन्द्रियै नचलून् तर,
चलून् इन्द्रिय लौ, कर्म हुँदैन नचले मन ! ७४

जस्तो कर्म भयो उस्तै जीवको हुन्छ रे गति !
कर्मैले जीवलाई हो सुख, दुःख हुने पछि ! ७५

(ङ) दृष्टि-दृष्टिकोण

आँखा छैनन् भने हेर्ने, ऐनाले दिन्छ लाभ के ?
हुन्न ज्ञानविना मुक्ति, मेटिन्न भ्रान्ति, पाप रे ! ७६

देखिन्छ एउटै दृश्य अनेक, दृष्टि-भेदले,
विविध सृष्टिको मान्छ सर्जक एक, वेदले ! ७७

मान्छेका क्षमता, सीप, दृष्टिकोण अनेक छन्,
हुन्छन् चारवटा दृष्टि ज्ञानका मूलभूत झन् ! ७८

स्थूल, सूक्ष्म तथा दिव्य, ज्ञान दृष्टि, सबै थरी,
दृष्टिका भिन्न छन् सीमा, सामर्थ्य, सृष्टिकै सरि ! ७९

हुन्छन् विधान आ-आफ्नै खुल्ने दृष्टि हरेकका,
ज्ञान-दृष्टि खुले किन्तु खुल्छन् दृष्टि सबै अहा ! ८०

खुल्ने प्रभु-कृपाले हो ज्ञान-दृष्टि महान् अति,
सकिन्छ भगवान् देख्न, जान्न दृष्टि खुलेपछि ! ८१

(ढ) मानव-जीवन

प्राणीजस्तै अरू खालि भोगमा डुब्न होइन,
जीव-उध्दारको लागि मिल्यो मानव-जीवन ! ८२

सक्छ मानिसले मात्र पढ्न, लेख्न र गाउन,
गर्न विचार वा धर्म, कर्म; सिक्न, सिकाउन ! ८३

अमूल्य हुन्छ मान्छेको हरेक पाइला, क्षण,
सके सम्हाल्न बेलैमा हुन्छ सार्थक जीवन ! ८४

फसेका छौं कि मायामा नबुझी कर्मको गति,
बिग्रेको छ कि तृष्णाले, स्वार्थ, विकारले मति ? ८५

हुन्छन् चञ्चल सम्पत्ति, मन, यौवन वा बल,
परिवर्त्य छ संसारै, धर्ममात्रै छ निश्चल ! ८६

प्रेम, श्रद्धा, दया, त्याग, धर्म, सद्भाव, सद्मति,
हुनु मानिसमा पर्छ, मिल्न कीर्ति र सद्गति ! ८७

(ण) संस्कार-चरित्र

बाँच्न इज्जतका साथ सदाचार महान् गुण,
सिक्नु मानिसले पर्छ मर्यादा, अनुशासन ! ८८

शुद्धता, नम्रता, शिष्टाचार र सत्यवादिता,
हुनु मानिसमा पर्छ चारित्रिक पवित्रता ! ८९

सुसंस्कृत तथा सभ्य, समझदार मानिस,
ठान्छ समाजले मान्य, श्रेष्ठ र अनुशासित ! ९०

हुन्छ संस्कारले मान्छे ठूलो, होइन जन्मले,
बन्छ चरित्रले चोखो, योग्यताले प्रसिध्द रे ! ९१

यम, नियमको गर्ने पालन बन्दछन् महान्,
पुजिन्छन् लोकमा जो छन् सुसंस्कारी, चरित्रवान् ! ९२

हुनु इमान, सच्चाइ, सेवाको भाव, संयम,
पर्छ धार्मिक मान्छेमा दृष्टिकोण सदा सम ! ९३

(ट) बन्धन-मोक्ष

स्वार्थ, विकार, तृष्णाले मान्छेलाई बिगार्दछन् !
पाप, कुकर्मले सोझै नर्कतर्फ घिसार्दछन् ! ९४

माया-बन्धनले पर्छ जन्मनु, मर्नु मात्र ए,
विना धर्म कसैलाई मिल्दैन मुक्तिलाभ रे ! ९५

जमाए मनमा खालि स्वार्थ, विकारको ढुसी,
घमण्डी, पातकीसँग हुँदैनन् भगवान् खुसी ! ९६

चौरासी लाख योनी हुन् दुष्कर भव-बन्धन,
कृपाले प्रभुको मिल्छ सच्चिदानन्द, मोचन ! ९७

धर्म हो औषधी तीतो मुक्ति-लाभ दिलाउने,
माया-बन्धन हो बाँधी, मीठो बिष पिलाउने ! ९८

मायासित फसे आत्मा पर्छ बन्धनमा सधैं !
आत्मा र परमात्माको एकता मुक्ति हो ल है ! ९९

(थ) महात्म्य-महत्त्व

ज्ञानामृत पिए हुन्छ मायाको रोग रे निको,
हो तत्त्वज्ञान नै मोक्ष-विधान उच्च कोटिको ! १००

सत्सङ्ग हो महान् धर्म, यही सत्कर्म हो बुझे,
निष्काम-कर्म हो बाटो जीव-उद्धारको सुझे ! १०१

ज्ञानले मिल्छ उन्मुक्ति, प्रभु-कृपा र दर्शन,
तत्त्वज्ञान यसैले हो सर्वश्रेष्ठ महान् धन ! १०२

यो मोक्ष-सूत्रले मिल्छ पुरुषार्थ चतुष्टय,
ज्ञान र भक्तिले बन्छ मान्छे स्वतन्त्र, निर्भय ! १०३

हो मोक्ष-सूत्र यो दिव्य खुराक नित्य चाहिने !
अक्षय धन हो धर्म सच्चिदानन्द पाइने ! १०४

हट्लान् ग्रह-दशा, दुःख-कष्ट र दुर्दशा पर,
यो मोक्ष-सूत्रले टर्ला अकाल मृत्युको डर ! १०५

(द) क्षमा याचना

म जस्तो पातकी को छ ? कृपालु प्रभुझैं छ को ?
प्रभुलेझैं दया राखी सोच्ने मेरो छ को भलो ? १०६

बढेको मूर्खता-दम्भ-तृष्णा भए, घटाइद्यौ ?
भगवान् ! सिस्नु-पानीले मोह-निद्रा हटाइद्यौ ! १०७

भएको छ भने वाणी, श्रद्धा र भावमा त्रुटी ?
दिए है भगवान् ! माफी, मूर्खता भक्तको बुझी ! १०८

❖❖❖

पुनः जयकार गरौं

प्रेमले भनौं श्री सद्गुरुदेवजी महाराजको जय !
परमपिता परमेश्वरको जय ! परमप्रभु परमात्माको जय !
आनन्दकन्द लीलाधारी प्रभु सदानन्दजी मनमोहन भगवान्को जय !

सद्‌गुरू वाणी

१) जबसम्म सच्चा गुरु पाइँदैन तबसम्म गुरु फेरी रहनुपर्छ। गुरु फेर्दा कुनै पाप-दोष लाग्दैन ।

२) सन्तको जात सोध्ने होइन, ज्ञान कुन स्तरको छ सोध्ने हो ।

३) सन्तलाई भेट्न जाँदा माया र अभिमान त्यागेर जानुपर्छ। त्यति बेला हाम्रो एक कदम पनि करोडौं यज्ञ समान फल दिन सक्ने हुन्छ।

४) सन्तान, श्रीमती, धन पापीको घरमा पनि हुनसक्छ तर सन्त समागम र हरिकथा (सत्सङ्ग) दुर्लभ हुन्छ ।

५) ज्ञानभन्दा पवित्र वस्तु अरू कुनै छैन ।

६) आशाभन्दा ठूलो दुःख अर्को छैन । नैराश्यभन्दा परमसुख अरू कुनै छैन ।

७) जबसम्म आत्मा र परमात्माको एकत्त्वबोध हुँदैन, तबसम्म मुक्ति मिल्न सक्दैन ।

८) तत्त्वज्ञान नै मानव-जीवनको लक्ष्य-उद्देश्य हो, तत्त्वज्ञानमा नै मुक्ति-अमरताको बोध हुन्छ ।

९) सारा दुःख-सुखका अनुभूतिहरू 'म' जीवलाई हुन्छ । नर्कका यातनाहरू पनि जीवले नै भोग्नुपर्छ ।

११) शरीरमा स्थित जीवको चार गति हुन्छ । सांसारिक भएमा नरक, स्वाध्यायी भएमा स्वर्ग, आध्यात्मिक भएमा ब्रह्मलोक-शिवलोक, तत्त्वज्ञानी भएमा अमरलोक प्राप्त हुन्छ ।

१२) चारैतर्फ फैलिएको खराबी, आडम्बर, ढोंग, पाखण्डको समाधान सच्चाधर्म 'तत्त्वज्ञान' ले नै हुन्छ ।

१३) ॐ परमात्मा होइन, सोऽहं, हंसो ज्योति पनि परमात्मा होइन, यी त परमात्माका पुत्र, पौत्र हुन् ।

लेखक परिचय

नाम	:	रामचन्द्र न्यौपाने 'वनवासी'
पिता/माता	:	स्व.कृष्णलाल न्यौपाने/स्व.चन्दिका न्यौपाने
जन्मस्थान	:	मर्स्याङ्दी गाउँपालिका-६, बाहुनडाँडा (पुस्तुन), लमजुङ
नागरिकता	:	नेपाली
सम्पर्क नं.	:	९८४३८३४७५२
शैक्षिक संलग्नता	:	संस्थापक प्राचाय/शिक्षण सेवा चौतीस(३४)बर्ष (२०३५।०१।०७ देखि २०६९ बैसाख ६ सम्म) श्री चन्द्रोदय उमावि बाहुनडाँडा, लमजुङ
शैक्षिक योग्यता	:	स्नातकोत्तर (एम.ए.), बि.एड, नेपाली

प्रकाशित साहित्यिक-धार्मिक कृतिहरू :

१) वनवासी कविता-सङ्ग्रह (प्रथम संस्करण २०७१ जेठ)
२) वनवासी कविता-सङ्ग्रह (दोस्रो संस्करण २०७१ कार्तिक)
३) मेरो बाहुनडाँडा (गीति खण्डकाव्य २०७२ श्रावण)
४) ज्ञानक्रान्ति महाकाव्य (२०८० भदौ)
५) भक्तिसागर स्तुतिकाव्य (२०८० भदौ)
६) दुर्लभ सत्सङ्ग (ज्ञानमाला २०८१ मंसिर)
७) मोक्ष सूत्र (दुर्लभ काव्य २०८२ साउन)
८) प्रीति सन्देश (खण्डकाव्य २०८२ साउन)

९) प्रकाशोन्मुख कृतिहरू :
(क) आफ्नै कथा-व्यथा
(ख) ज्ञान कुञ्ज (संग्रह)

१०) साथसाथै लमजुङ, कास्की र राजधानीबाट विभिन्न पुस्तक र पत्रपत्रिकामा चालीसको दशकदेखि नै लेख-रचना प्रकाशित हुँदै आएको !

क) पहिलो कविता 'पुस्तुनको पहिरो' (२०३२)

ख) प्रथम प्रकाशित कविता 'हामी नेपाली'(सप्तगण्डकी)

ग) साहित्यिक संलग्नता :- हिमालचुली कला-साहित्य प्रतिष्ठान, लमजुङ (आजीवन सदस्य)

घ) मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, काठमाडौं (आजीवन सदस्य)

ङ) सिसार साहित्य प्रतिष्ठान, काठमाडौं(सदस्य)

च) सम्मान र पुरस्कार :

अ) सिसार सम्मान काठमाडौं (२०७१)

आ) सम्मान-पत्र (बाहुनडाँडा घिमिरे समाजबाट २०८०)

इ) सम्मान-पत्र (श्री चन्द्रोदय उमावि. बाट २०६९मा)

ई) कामनपा वार्ड नं. बाट प्राप्त कदरपत्र (मावि स्तरीय कविता गोष्ठीमा निर्णायकको भूमिका निर्वाह गरेको)

उ) २०३६ पछि लमजुङबाट विभिन्न समयमा भएका कविगोष्ठी र प्रतियोगिताहरूमा पहिलो/दोस्रो पुरस्कार र सम्मान पत्र प्राप्त ।

ऊ) वीरेन्द्र जन्मोत्सव(२०४५) मा जिल्ला स्तरीय कविता प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त !

ए) नेपाल प्रज्ञाप्रतिष्ठान २०६९ अघि भएका राष्ट्रिय कविता प्रतियोगिताहरूमा दुई-चार पटक छनौट भई वाचन गरेको !

ऐ) अवकाशप्राप्त जीवनमा राजधानीमा रहेर विभिन्न स्थानमा भएका कविगोष्ठीहरूमा नियमित रूपमा सहभागी हुँदै आएको/आइरहेको छु ।

धार्मिक संलग्नता :

१) सुरुमा गाउँमा अद्वैत संस्थाको सदस्य बनेको थिएँ !

२) रामायण, महाभारत, कोमल गीता, सुख-सागर आदि अनेकौं साहित्यिक-धार्मिक ग्रन्थहरू खोजी खोजी अध्ययन गर्थें ।

३) सुरुदेखि जादु, तन्त्रमन्त्र आदि दैवी विषय सम्बन्धित ग्रन्थहरू र रहस्यमय कथाहरू खोजी खोजी पढ्ने मेरो बानी बसेको थियो !

४) मैले ३८-३९सालदेखि नै दुर्गामाता-सरस्वतीमाता आदिको स्वेच्छापूर्वक उपासना गर्थें । मलाई दुर्गा कवच कण्ठस्थ थियो ।

५) म ४७-४८ सालतिर महान् तन्त्रज्ञ मन्त्रज्ञ, ज्योतिषविद्, रसायनविद्, ग्रन्थकार डा.नारायण दत्त श्रीमाली (निखिलेश्वरान्द महाराज) को सम्पर्कमा आई उहाँबाट फोटोमार्फत गुरुदीक्षा प्राप्त गरी सिध्दाश्रम साधक परिवारको सदस्य बनेको थिएँ ।

६) अध्यापन संगसंगै मन्त्र-तन्त्र-यन्त्र विज्ञान पत्रिकाको सदस्य बनेर गुरुले रचना गर्नुभएका अनेकौं पुस्तक अध्ययन गर्दथें र साधना जोधपुर-राजस्थान भारतबाट सामग्री मगाई फुर्सदको बेला कैंयन् तान्त्रिक-मान्त्रिक साधना सम्पन्न गर्दै आएको पनि थिएँ ।

७) २०५२ सालमा वनारशमा आयोजित नारायणदत्त श्रीमालीजीको पाँच दिने साधना शिविरमा सहभागी बनेर गुरुबाट प्रत्यक्ष गुरुदीक्षा र साधनाहरू पनि सम्पन्न गर्ने सौभाग्य पाएको थिएँ। साधना गर्दा गर्दै असीमित ऊर्जा प्राप्त भएको अनुभव मलाई भएको थियो !

८) गुरुमन्त्र साधना गर्दा गर्दै मलाई दिव्य आत्म-ज्योतिको प्रत्यक्ष दर्शन अनि असीम शान्ति र आनन्दको अनुभव भएको थियो! यो क्रम धेरै दिनसम्म चलिरह्यो ! त्यसपछि क्रमशः मलाई व्यक्ति सम्मोहन सिध्दि, वाक्सिद्धि, दूर श्रवण सिध्दि र अरूले मनले बोलेका कुरा मैले प्रत्यक्ष सुन्न सक्ने जस्ता अनेकौं शक्ति प्राप्त

भएको अनुभव हुन थाल्यो !

९) २०५६ मा म गोरक्ष निखिल वाणी पत्रिका र सिध्दाश्रम शक्ति केन्द्रको सदस्य समेत बने ! केन्द्रबाट सञ्चालित कैँयन् तालिम र साधना शिविरहरूमा समेत भाग लिँदै गएँ । त्यसपछि मैले सिध्दाश्रम शक्तिकेन्द्रका मान्य गोरखनाथलाई समेत मैले गुरु मान्न थालेँ । दुईजना गुरु मान्दा मलाई सहज अनुभूति भयो ।

९) गुरुपुत्रहरूबाट कैँयन् दीक्षा लिने अवसरहरू पनि मिल्दै गयो !

१०) साधनाकै र अध्यापनकै क्रममा मैले हिन्दी र नेपालीमा लेखिएका विभिन्न साधु-सन्त-महात्माहरूका हजारौँ सद्ग्रन्थहरू अध्ययन गर्दै गएँ तापनि मलाई पूर्ण सन्तुष्टि मिलेको भने थिएन ! तिनमा क्षितिज चन्द्र, रजनीश, साइबाबा, गुरु निखिलेश्वरान्द महाराज, कवीर-रामपाल, दादा भगवान् आदि अरू कैँयन् ख्यातिप्राप्त सन्त-लेखकहरूका पुस्तकहरू खोजी खोजी पढ्ने मेरो बानी थियो !

११) २०६९मा नोकरीबाट स्वैच्छिक अवकाश लिएर काठमाडौँमा भाडामा बस्न थालेपछि सिध्दाश्रम शक्तिकेन्द्रबाट प्रकाशित हुने गोरक्ष निखिल वाणी पत्रिकामा मेरा धेरै कविता, लेख-रचनाहरू प्रकाशित हुन थाले ! म साधना शिविरहरूको साथसाथै गुरुकार्यमा समेत सहभागी हुन थालेँ । हरेक विहीबार आलोपालो गुरुपूजन गराउने र जन सम्पर्क विभागमा समेत गुरुकार्य गर्न थालेँ !

१२) धेरै कुरामा चित्त बुझे पनि ज्ञानमा भने मलाई पटक्कै चित्त बुझेको, सन्तोष मिलेको थिएन । त्यसैले मैले धार्मिक सद्ग्रन्थहरू खोजी खोजी अध्ययन गर्ने कुरा कहिल्यै छोडिन ।

१३) यस्तैमा म जेठी छोरी-ज्वाइँको निमन्त्रणालाई स्वीकार गरी श्रीमती(शान्तिदेवी)सँगै म पनि अस्ट्रेलिया-सिड्नीतर्फ वैदेशिक भ्रमणमा जाँदा समेत भारतीय साथीको मद्दतबाट मलाई दादा भगवान् भन्ने सन्तको सत्सङ्ग सुन्ने, सद्ग्रन्थ अध्ययन गर्ने मौका

मिल्यो ! सद्ग्रन्थहरू पढ्दा निकै घत परेको हुनाले मलाई दोस्रो पटक आत्मानन्द र असीम शान्तिको अनुभूति पटक पटक भएको थियो ! तर पनि मलाई ज्ञानमा भने चित्त अझै बुझेको थिएन ।

१४) त्यस पछि अकस्मात् मलाई सद्गुरु सन्त ज्ञानेश्वर स्वामी सदानन्द परमहँसका सद्ग्रन्थ अध्ययन गर्ने, सत्सङ्ग सुन्ने र तत्त्वज्ञान प्राप्त महात्माहरूको सानिध्य प्राप्त भयो ! महात्माजीहरूबाट पनि सत्सङ्ग सुन्दै गएपछि, शङ्का समाधान हुँदै गए पछि मेरा ९५ प्रतिशत शंकाहरू, जिज्ञासाहरू समाधान हुँदै गए ! बल्ल मलाई ज्ञानमा चित्त बुझ्न, सन्तुष्टि मिल्न थाल्यो ! अनि भगवद् प्रेरणाले कोरोना कालमा मैले धार्मिक सत्य ज्ञान सम्बन्धी कविता लेख्न सुरु गरें । फलस्वरुप २०८० मा मैले ज्ञानक्रान्ति महाकाव्य र भक्तिसागर स्तुतिकाव्य प्रकाशित गर्न सफल भएँ! मलाई भक्तिसागर स्तुतिकाव्यको रचना कालमा र दुई वटा ज्ञानका पुस्तक प्रकाशन गरी तारकेश्वर नपा-६ धर्मस्थलीको कोठामा लैजाँदाखेरि दुईपटक सद्गुरु अर्थात् भगवान्को दिव्य उपस्थितिको सूक्ष्म अनुभव भएको थियो !

१५) ज्ञानक्रान्ति संस्कृत छन्दमा लेखिएको हुँदा धेरै पाठक-वर्गलाई छन्द मिलाएर पाठ गर्न कठिन भएको मैले अनुभव गरें! फलस्वरुप सरल लोकलयमा अर्को संक्षिप्त साहित्यिक-धार्मिक कालजयी सद्ग्रन्थ 'दुर्लभ सत्सङ्ग' को रचना र प्रकाशन मबाट भगवद्-प्रेरणाले २०८१मा भयो ! आत्मीय साथी श्री ज्ञाननिष्ठ ज्ञवाली सरको निरन्तरको उक्साहटले मूल पाठ १०८ श्लोक भएको अति संवेदनशील र संक्षिप्त बस-जहाज आदिको यात्रामा समेत एकै बसाइमा पढी सकिने दुर्लभ अति उत्कृष्ट तत्त्वज्ञानको नमूना सद्ग्रन्थ मोक्ष सूत्र प्रकाशित भई सकेको छ !

१६) म अचेल कवि गोष्ठीहरूमा समेत धार्मिक ज्ञानका कविता लेख्ने-सुनाउने गर्दछु !

१७) सामाजिक सञ्जाल फेसबुक, टिकटक, युटुव र पत्रपत्रिकामा समेत मेरा लेख-रचना, कविता, अन्तर्वाता सुन्न र पढ्न पाइने व्यवस्था छ ।

१८) गाउँ-शहर जहाँ जहाँ जान्छु मैले त्यहाँ आफ्ना जिज्ञासु इष्टमित्र, शुभचिन्तक र साथीभाइहरूलाई दुर्लभ ज्ञानका कुराहरू सुनाउने गर्दै आएको छु !

१९) मेरो ज्ञानक्रान्तिको अभियान निरन्तर जारी छ !

२०) छोटकरीमा भन्नुपर्दा मसँग(क) दीर्घ शिक्षण सेवा र संस्थापक प्राचार्यको प्रशासनिक अनुभव पनि छ ! (ख) स्नातकोत्तर सम्म शैक्षिक अध्ययनको तीता-मीठा अनुभव पनि मसित छन् ! (ग) म आफ्ना स्वार्थलाई भन्दा विद्यार्थीहरूको सुन्दर भविष्य निर्माणमा जोड दिने आदर्श र त्यागी शिक्षक पनि हुँ । (घ) साथै मसित महायोगी गुरुहरूबाट प्रात अनेकौं आध्यात्मिक दीक्षा, साधना, गुरुकार्यबाट प्राप्त विभिन्न सिध्दि-शक्ति, आत्म-ज्योतिको दर्शन, असीम आनन्द र शान्तिको अनुभव-अनुभूति पनि छ ! (ङ) साथै भगवद्-कृपा, तत्त्वज्ञानी महात्माजीहरूको सानिध्य, सत्सङ्ग श्रवण र आशिर्वादको कारण तत्त्वज्ञान (भगवद्-ज्ञान) को पूर्ण जानकारी, सद्गुरु-कृपा र भगवान्को दिव्य उपस्थितिको सूक्ष्म अनुभव पनि मसित छ, (च) मैले आधा दर्जन भन्दा बढी बेजोड, कालजयी साहित्यिक-धार्मिक कृतिहरू पनि रचना गर्न सकेँ र प्रकाशित छन् । (छ) मेरा कृतिहरू सबै निःशुल्क र निःस्वार्थ रूपमा जिज्ञासु-वर्गलाई उपहार स्वरूप प्रदान गर्दै आएको छु । (ज) स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्मका विभिन्न

साहित्यिक धार्मिक कार्यक्रमहरूमा सहभागिता, छन्द-कविता लेखन र वाचनको अनुभव पनि मसित प्रशस्त छन् । (झ) भारत, अष्ट्रेलिया आदि विकसित मुलुक र बाटोमा पर्ने सिङ्गापुर, थाइल्याण्ड, मलेसियाको भ्रमणको रमाइलो, मीठो र प्रेरणादायी अनुभव पनि मैले सङ्गाल्ने मौका पाएको छु ! (ञ) साथै जीवन-भोगाइका तीता-मीठा विचित्रका अनुभव पनि मसित छन् !

२१) यिनै अनुभव-अनुभूतिको आधारमा अचेल मलाई धेरै पाठक-वर्ग, काव्य र भगवद्-ज्ञानका मर्मज्ञहरूले 'सन्तकवि' भनेर चिन्दछन् । अस्तु ।

कृतिकारको परिचय

नाम : रामचन्द्र न्यौपाने 'वनवासी'

शैक्षिक योग्यता : स्नातकोत्तर (M.A.), बि.एड. (नेपाली)

E-mail : rcnb1702@gmail.com

३४ बर्ष शिक्षण सेवा/संस्थापक प्राचार्य श्री चन्द्रोदय उ.मा.वि.

बाहुनडाँडा, लमजुङ

ज्ञानसत्क्रान्तिका अभियन्ता/सन्तकवि ।

संलग्नता : सदानन्द तत्वज्ञान परिषद

प्रकाशित कृतिहरू :

१) वनवासी कविता-सङ्ग्रह (दुई संस्करण) २०७१ जेठ र कार्तिक

२) मेरो बाहुनडाँडा (गीति-खण्डकाव्य) २०७२ साउन

३) ज्ञानक्रान्ति (महाकाव्य) २०८० भदौ

४) भक्तिसागर (स्तुतिकाव्य) २०८० भदौ

५) दुर्लभ सत्सङ्ग (ज्ञानमाला) २०८१ मङ्सिर

६) मोक्ष सुत्र (दुर्लभ ज्ञान) २०८२ साउन

७) प्रीति सन्देश (खण्डकाव्य) २०८२ साउन

प्रकाशोन्मुख कृतिहरू :

१) ज्ञानकुञ्ज (सङ्ग्रह)

२) आफ्नै कथा-व्यथा

ISBN : 978-9937-1-8781-7

9 789937 187817